नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

# कृषिजन्य यन्त्र/उपकरणहरुको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

## सूचना नं. ०८/२०८१/८२

सूचना प्रकाशित मिति : २०८१/०५/२४

यस एकाइको चालु आ.व. २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही जिल्लाको को जोन/सुपरजोन कार्यक्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रमको लागि माग भएका विभिन्न किसिमका कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने कम्पनी/फर्म/आपुर्तिकर्ता/उत्पादक संस्थाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस परियोजनाको Website: piurupandehi.pmamp.gov.np बाट कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपसिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको १५ दिन भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाइ, रुपन्देहीमा दर्ता गरी सक्नुपर्नेछ।
२. सिलबन्दी मूल्य सूची प्रस्तावको साथ फर्मको दरभाउ-पत्र साथ फर्मको इजाजत पत्र प्रतिलिपि, मूल्य अभिबृद्धि वा प्यान प्रमाणपत्र प्रतिलिपि, २०८०/८१ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तर चिन्ह प्रमाणपत्र प्रतिलिपि, रङ्गिन चित्र सहितको मेशिनरी क्याटलग र मेशिनरीको परीक्षण प्रतिवेदन संलग्न राखी पेश गर्नुपर्नेछ।
३. मूल्य सूची प्रस्ताव पेश गर्ने आपुर्तिकर्ता कम्पनी/फर्म/उत्पादक संस्थाहरुले ईन्जिनद्वारा सञ्चालित कृषिजन्य यन्त्र/उपकरणहरुको हकमा सम्बन्धित उत्पादक देशको सरकारी मान्यता प्राप्त संस्थाले प्रमाणित गरेको उक्त यन्त्र/उपकरणको परीक्षण प्रतिवेदन अनिवार्य संलग्न राख्नुपर्नेछ।
४. कार्यालयको स्वीकृत स्पेशिफिकेशन सहितको मूल्य सूची प्रस्ताव फारम भरेर विधिवत तरिकाले आवश्यक कागजात सहित फारम पेश गर्ने आपुर्तिकर्ता कम्पनी/फर्म/उत्पादक संस्थाहरुलाई मात्र कार्यालयले स्वीकृत गरेपछि सोही स्पेशिफिकेशन अनुसार प्राप्त भएको विभिन्न कृषिजन्य यन्त्र/उपकरणहरुको दरभाउको प्राप्त मूल्य सूची तुलनात्मक अध्ययन विश्लेषण गरी प्राप्त भएको न्यूनतम मूल्यलाई अनुदान प्रवाहको लागि कायम गरी उक्त स्वीकृत आपुर्तिकर्ता कम्पनी/फर्म/उत्पादक संस्थाहरुले मात्र कार्यालयले सम्झौता गरेका अनुदानग्राहीहरुसँग खरिद-बिक्री सम्झौता गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि परियोजनाको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१-५७०२०१, ०७१-५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०१६२७५, ९८५७०११२४० मा सम्पर्क राख्नु हुन अनुरोध छ।

नारायण कापले
वरिष्ठ कृषि अधिकृत
प्र.का.प्र.(प्रा.)

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"